जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- १९ २०८२ साल साउन २२ बिहिवार ( Aujust 7, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

## स्याउलेमा यात्रुका लागि आश्रयस्थलः साना पहलले देखायो ठूलो प्रभाव

बिगूल समाचार
२२ साउन २०८२



डडेल्धुरा । स्थानीयको सक्रिय सहभागिता र सानो प्रयासमै ठूलो उपलब्धि हासिल गर्न सकिने उदाहरणका रूपमा डडेल्धुराको अमरगढी नगरपालिका-१ स्याउलेमा सेवाग्राही प्रतीक्षालय निर्माण गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, स्याउलेले चन्दा संकलनमार्फत करिब १ लाख रुपैयाँ बराबरको सहयोग जुटाएर प्रतीक्षालय निर्माण गरेको हो ।

हाल स्थायी संरचनाको अभावमा कार्यालयको आफ्नै जग्गा नभए पनि अस्थायी रूपमा प्रतीक्षालय सञ्चालनमा ल्याइएको हो । बुधबार एक औपचारिक कार्यक्रमका बीच डडेल्धुराका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) जनार्दन गौतमले प्रतीक्षालय उद्घाटन गरे ।

उद्घाटन समारोहमा बोल्दै प्रजिअ गौतमले जिल्लामा अधिकांश ट्राफिक पोस्टहरू भवनविहीन रहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै, भवन निर्माणका लागि आवश्यक समन्वय गर्ने प्रतिबद्धता जनाए । साथसाथै, ट्राफिक प्रहरीमाथि बढ्दो जनगुनासोलाई सम्बोधन गर्दै उनले सेवामुखी, जनमैत्री र उत्तरदायी ढंगले काम गर्न निर्देशन दिए ।

कार्यक्रममा डडेल्धुराका प्रहरी नायब उपरीक्षक (डीएसपी) सुगन्ध श्रेष्ठले सानो प्रयासबाट यात्रुहरूलाई सुविधा मिल्ने आशा व्यक्त गर्दै प्रहरी जनताको सेवामा समर्पित रहने बताए । उनले जिल्लाका धेरै प्रहरी चौकीहरू जीर्ण अवस्थाका कारण सेवा प्रवाहमा कठिनाइ भइरहे पनि चालु आर्थिक वर्षमा केही पोस्टहरूको निर्माण प्रक्रिया अगाडि बढिसकेको जानकारी गराए ।

स्याउले ट्राफिक प्रहरी पोस्टका इन्चार्ज हर्कबहादुर साउँदले राज्यको भर पर्नुभन्दा स्थानीय स्वयं सक्रिय भएर लागेमा परिवर्तन सम्भव हुने स्पष्ट पारे । "सामाजिक परिवर्तन सधैं ठूला योजनाबाट मात्र होइन, यस्ता साना र साकारात्मक पहलबाट सुरु हुन्छ," उनले भने ।

कार्यक्रममा सहभागी स्थानीयवासी, चन्दादाता, जनप्रतिनिधि र पत्रकारहरूले ट्राफिक प्रहरीको अग्रसरता र नागरिक सहभागितामा आधारित यो कामलाई अनुकरणीय भन्दै प्रशंसा गरे ।

उद्घाटन कार्यक्रममा विभिन्न समुदायका प्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी, चन्दादाता र स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । प्रतीक्षालय निर्माणले यात्रुहरूको बसाइ सहज बनाउने र अन्य स्थानीय निकायलाई पनि यस्ता सानातिना सामाजिक कामप्रति प्रेरित गर्ने विश्वास गरिएको छ ।

## माओवादीको जोडबलमा व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित भएको हो : प्रचण्ड

बिगूल समाचार
२१ साउन २०८२



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टीको जोडबलमा व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित भएको बताएका छन् ।

निर्मल लामा स्मृति प्रतिष्ठानका अध्यक्ष लीलामणि पोखरेलद्वारा लिखित 'नेपालमा एमसिसी' पुस्तक विमोचन गर्दै उनले व्याख्यात्मक टिप्पणीसहित पारित भएकाले एमसिसी नेपालको पक्षमा रहेको बताएका हुन् ।

अध्यक्ष दाहालले भने, 'जनताका अगाडि सर्वसम्मत रुपमा व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित भएको छ, त्यो आफैंमा राष्ट्रिय स्वाधिनताका लागि आन्दोलन गर्ने ढोका बनेको छ, माओवादीले छाडेर हिँड्दा जस्ताको तस्तै पास हुने अवस्था थियो, त्यसो हुन दिएनौं, अब त्यसमा बोल्ने ठाउँ रहेको छ ।'

उनले अन्तराष्ट्रिय कानुनका ज्ञाताबाट प्राप्त सुझावसहित भियना 'कन्भेन्सन'का आधारमा केही बोल्ने ठाउँ रहने जानकारी प्राप्त भएपछि माओवादी केन्द्रको जोडबलमा व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित भएको स्पष्ट पारे । अध्यक्ष दाहालले एमसिसीका पक्ष र विपक्षमा वकालत गर्नेहरुका लागि विमोचित पुस्तक पठनीय सामग्री भएको बताए ।

माओवादी केन्द्रका नेता एवं पुस्तकका लेखक पोखरेलले आफ्नो पार्टीले बाध्यात्मक परिस्थितिमा व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित गरेको जानकारी दिँदै सुरक्षा चुनौती सहित समग्र पक्षलाई समेटेर पुस्तक तयार पारेको जानकारी दिए ।

पार्टी कार्यालय पेरिसडाँडामा आज आयोजित कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष एवं माओवादी केन्द्रका नेता दीनानाथ शर्माले एमसिसीको बारेमा बुझ्न चाहने पाठकका लागि पुस्तक महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

## डोटीको बुडर सहित देशभर सशस्त्रद्वारा ४१ स्थानमा मनसुन प्रतिकार्य अस्थायी बेस स्थापना

बिगूल समाचार
२२ साउन २०८२



डोटी । सशस्त्र प्रहरीले सुदूपश्चिम प्रदेश डोटीको बुडर र कैलालीको खानी डाँडा सहित देशभर ४१ स्थानमा मनसुन प्रतिकार्य अस्थायी बेस स्थापना गरेको छ ।

काठमाडौँ उपत्यकामा कोलमटेश्वर मन्दिर, धर्मस्थली, धापासी र ललितपुरको लेले तथा भक्तपुरको सानोठिमीमा मनसुन प्रतिकार्य बेस स्थापना गरिएको हो ।

विपद्मा नागरिकको उद्धार तथा सहयोगका लागि उक्त बेस स्थापना गरी काम गर्दै आएको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक कालिदास धौवजीले जानकारी दिनुभयो ।

कोशी प्रदेशअन्तर्गत मोरङको बखरी र ओखलढुङ्गाको हर्कपुर, मधेस प्रदेशस्थित सप्तरीको भारदह र बर्साइन, सिरहाको मिल, धनुषाको दुवरकोट, महोत्तरीको रघुनाथपुर र बनौटा, सर्लाहीको धरहरा, रौतहटको फतुवा, बाराको तेलकुवा र कलैया, पर्साको पोखरिया, बाग्मती प्रदेशस्थित मकवानपुरको सुनौला, काभ्रेको खालथोक र मङ्गलटार, नुवाकोटको खरानीटार , चितवनको भालढुङ्गा, दोलखाको लिङ्कन बजार र सिङ्गटी तथा रसुवाको तातोपानीमा बेस स्थापना गरिएको छ । त्यस्तै, गण्डकी प्रदेशअन्तर्गत पर्वतको खहरे, गोरखाको आरुघाट, पूर्वी नवलपरासीको चोरमारा, कास्कीको छाचोक, लुम्बिनी प्रदेशस्थित बर्दियाको राजापुर, रुपन्देहीको बुटवल, बाँकेको कुण्डा र कचनापुर, गुल्मीको तुराङ्ग र पाल्पाको दोभानमा, कर्णाली प्रदेशस्थित जुम्लाको बड्की, मुगुको डिमुरखारा र जाजरकोटको दल्ली मा मनसुन प्रतिकार्य सुरक्षा बेस स्थापना गरिएको छ ।

विपद्मा परेका आम नागरिकहरुको उद्धारमा सहज होस् भन्ने अभिप्रायका साथ सशस्त्र प्रहरी बल नेपालले वर्षाको कारण जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी उक्त बेसहरुमा विपद् उद्धार सामग्रीसहितको सुरक्षा फौज तयारी हालतमा राखिएको जनाइएको छ ।

यसअघि सशस्त्र प्रहरी बलले विपद् व्यवस्थापनमा स्थानीय समुदायको समेत महत्वपूर्ण भूमिका रहने भएकाले देशभरि एक लाख ६८ हजार ९५६ जना विपद् सूचक तयार गरेको छ । देशभर ९९० जनालाई विपद् स्वयंसेवक अनुशिक्षण तालिम दिइएको पनि उहाँले बताउनुभयो ।

## राष्ट्रपतिबाट बझाङका एमएमए च्याम्पियन ढाँटको सम्मानित

बिगूल समाचार
२२ साउन २०८२



राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली खेलाडीहरूको उज्यालो भविष्य खेल क्षेत्रमै सुनिश्चित गर्न सरकारले विशेष नीति ल्याउनुपर्ने बताएका छन्।

भारतमा सम्पन्न म्याट्रिक्स फाइटर नाइट टाइटल जितेका नेपाली एमएमए फाइटर रविन्द्र ढाँटको सम्मानमा र ाष्ट्रपति भवन शीतल निवासमा आयोजित कार्यक्रममा बोल्दै उनले भने, "देशभित्र र बाहिरका प्रतियोगितामा सहभागी हुन तथा तालिम लिन आवश्यक अवसर र सुविधा सुनिश्चित गरियो भने मात्र खेलाडीले अन्तर्राष्ट्रिय स्तरमा सफलताको कीर्तिमान कायम गर्न सक्छन्।"

राष्ट्रपति पौडेलले खेलले व्यक्ति मात्र नभई राष्ट्रको पहिचान र गौरव बढाउने माध्यम भएको उल्लेख गरे। उनले समग्र शारीरिक, मानसिक र व्यक्तित्व विकासका लागि खेल क्षेत्रलाई मजबुत बनाउनु आवश्यक रहेको धारणा राखे। बझाङ जिल्लाबाट आएका ढाँटलाई 'बझाङको बाघ' को उपमा दिँदै उनले खेलमा देखाएको समर्पण, अनुशासन र मेहनतले नेपाली खेल क्षेत्रमा गौरव थपेको बताए। साथै, उनले ढाँटका सफलतामा साथ दिने प्रशिक्षक, परि वार र सम्बन्धित निकायहरूलाई पनि धन्यवाद दिए।

राष्ट्रपतिले सरकार, खेल संघ-संस्था तथा सरोकारवाला निकायहरूलाई आगामी दिनमा खेल क्षेत्रको समग्र विकासका लागि एकजुट भएर काम गर्न पनि आह्वान गरे।

## सम्पादकीय

# सरकारको बागडोर कर्मचारीको हातमा

नेपालमा लोकतन्त्र स्थापना भएको दशकौं बितिसक्दा पनि व्यवहारमा जनप्रतिनिधिको शासनभन्दा कर्मचारीतन्त्रको नियन्त्रण बलियो बन्दै गएको संकेतहरू दिनानुदिन देखिन थालेका छन् । पछिल्लो समय संघीय निजामती सेवा विधेयकमा देखिएको "कुलिङ अफ पिरियड" सम्बन्धी प्रावधान हटाउने विवाद, त्यसमा संलग्न उच्च कर्मचारीको भूमिका र त्यसको छानबिन गर्न बनेको संसदीय समितिको निष्कर्षविहीन प्रतिवेदन यी सबैले प्रमाणित गरिरहेको छ कि आज सरकारको बागडोर निर्वाचित सांसदहरूको हैन, कर्मचारीतन्त्रको हातमा सरेको छ ।

राज्य व्यवस्था समितिले लामो छलफल र अध्ययनपछि विधेयकमा समावेश गरेको एउटा महत्त्वपूर्ण प्रावधानलाई अन्तिम प्रतिवेदनमा कसरी र किन हटाइयो ? यो प्रश्नको उत्तर अझै स्पष्ट छैन । मुख्यसचिव, सचिवलगायत उच्चपदस्थ कर्मचारीले नै विधेयकको मर्म उल्ट्याउने दुस्साहस गर्नु र त्यसमा संलग्न सांसदहरू दोषी पहिचान गर्न हिच्किचाउनु गम्भीर प्रश्नको विषय हो । संसद्मा प्रत्यक्ष जनादेश प्राप्त गरेका सांसदहरू यसरी कर्मचारीको दबाब वा पार्टीको स्वार्थमा चल्न थाले भने लोकतन्त्र केवल औपचारिकता बन्ने खतरा देखिन्छ ।

वास्तवमा, नेपालको संसद् र कार्यपालिका अहिले कर्मचारीतन्त्रको शरणमा पुगेको भान हुन्छ । संघदेखि स्थानीय तहसम्म निर्णय लिने, योजनाको प्राथमिकता तय गर्ने, बजेट खर्चको अनुमति दिने र कामको गति निर्धारण गर्ने काम निर्वाचित प्रतिनिधिहरूको होइन, कर्मचारीहरूको हातमा सीमित भएको तथ्य जनताले प्रस्ट बुझ्न थालेका छन्। प्रदेश तथा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूका धेरै निर्णयहरू प्रशासनिक प्रक्रियामा अड्काइन्छन्, निर्णय कार्यान्वयन नगरी उल्टै तिनलाई बदनाम गरिन्छ ।

जनप्रतिनिधिहरू कर्मचारीसँग डराउनुको कारण धेरै छन् पार्टीको आन्तरिक दबाब, भ्रष्टाचारको आशंका, कानुनी फन्दाको डर वा व्यक्तिगत स्वार्थ जसको परिणामस्वरूप संसद् आफ्नै निर्णय उल्ट्याउने, दोषी कर्मचारीको नाम उल्लेख गर्न नसक्ने र जनता सामु प्रष्ट रूपमा उभिन नसक्ने अवस्थामा पुगेको छ । संसद्को छानबिन समिति पनि निष्पक्षताभन्दा पार्टीको लाइनमा चल्ने हुँदा लोकतान्त्रिक मूल्यमा आँच पुगिरहेको छ ।

आज नागरिकहरूले देखिरहेका छन् वास्तविक सत्ता जनताबाट चुनिएका व्यक्तिहरूको होइन, पदपूर्तिमा कहिल्यै नचुने, नफेरिने तर सधैं सक्रिए रहने कर्मचारीहरूको हातमा छ । यो लोकतन्त्रका लागि गम्भीर चुनौती हो । यदि संसद्ले यो प्रवृत्तिलाई रोक्न सकेन भने अब आउने दिनमा कानून निर्माण, नीति निर्धारण, र बजेट विनियोजनको प्रक्रियामा संसद्को हैसियत निरर्थक बन्नेछ ।


त्यसैले अब संसद्ले आँखा खोल्नुपर्छ । जनप्रतिनिधिले आफ्नो जिम्मेवारीबोध गर्नुपर्छ । सरकार चलाउने शक्ति कर्मचारीको हातबाट फिर्ता लिएर जनताको आदेश अनुसार चल्ने संस्थामा संसद्लाई पुनःस्थापित गर्नुपर्छ । यो चेतावनीमूलक घडीमा नागरिक समाज, मिडिया र सचेत जनताले पनि चासो दिन जरुरी छ कहीं कर्मचारी तन्त्रकै छायाँमा जनप्रतिनिधित्व समाप्त हुँदै त छैन ?

यदि संसद्रु जनताको होइन भने लोकतन्त्र पनि जनताको रहने छैन । सरकारको बागडोर जनताबाट चुनिएका प्रतिनिधिको हातमा रहनुपर्छ कर्मचारीको होइन । यो सत्य व्यवहारमै पुष्टि हुनुपर्छ, भाषण र नारा मात्र होइन त्यसै आफ्नो जिम्मेवारी अरूको काधमा नराखी जनताका निर्वाचित प्रतिनिधिहरूले निश्वार्थ भएर काम गर्न सके मात्र जनताको विश्वसलाई दृढ राख्न सकिन्छ ।

(जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ) जस्ता व्यक्तिगत घटना ३५ दिन भित्र वडा कार्यालयमा गएर अनिवार्य दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।

अमरगढी नगरपालिका
वडा नं. ६ को कार्यालय डडेल्धुरा

# अहिलेको राजनीति र समाजवादको जग



जनताका मुद्दाहरू ती हुन्, जसले उनीहरूको दैनिक जीवनलाई प्रत्यक्ष प्रभाव पार्छ । यी मुद्दाहरू भनेको सम्भव भएमा निःशुल्क, सम्भव छैन भने सस्तो, सुलभ र गुणस्तरीय शिक्षा, रोजगारीको अवसर, सिँचाइको व्यवस्था, साना उद्योगको प्रवर्द्धन र गरिबी निवारण आदि आदि र यस्तै अरू । तर, नेपालको राजनीतिमा यी मुद्दाहरू प्रायः बेवास्ता गरिन्छ ।

प्रकाश बुढाथोकी

राजनीति फगत सत्ता प्राप्तिको साधन नभएर जनताको जीवन सुधार्ने माध्यम हो, तर जब जनताका आधारभूत मुद्दाहरूबाट टाढिन्छ, तब राजनीतिको सार्थकता गुम्छ । नेपालको वर्तमान राजनीतिमा सर्वसाधारणका मुद्दाहरू जस्तो शिक्षा, रोजगारी, सिँचाइ, स्वास्थ्य, र गरिबी निवारण जस्ता मुद्दाहरू प्रायः उपेक्षित छन् । नेताहरूका भाषणमा निजी स्कुल र अस्पतालको प्रोत्साहन, सेयर बजारको उतारचढाव र बिमा कम्पनीहरूको नाफा-नोक्सानको चर्चा हुन्छ, तर किसान, मजदुर, र विद्यार्थीका समस्याहरू ओझेलमा पर्छन् । यस लेखमा नेपालको राजनीतिक नेतृत्वको कमजोरी, जनताका साझा मुद्दा, र यसप्रति समाजवादी दृष्टिकोणको बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### प्रश्नै प्रश्न

के गरिब, मजदुर र किसान जनता होइनन् ? उनीहरूका मुद्दालाई समेट्न नसक्ने राजनीतिले कसरी जनताको मन जित्न सक्ला ? आफ्नै थातथलोमा बसौं बसौं लाग्ने बनाउन हामी कहाँनेर चुक्यौं ? देशको व्यवस्था मात्रै फेरियो, तर देशको अवस्था किन फेरिएन ? देशले विकासको सही गति पक्रन नसक्नुको कारण के हो ? त्यसको समाधान कसरी हुन सक्छ ? विश्वका उदाहरणीय देशले कसरी समृद्धि हासिल गरे ? हाम्रा नेताहरूले त्यसबाट के सिक्ने ? देश निर्माणमा राजनीतिक दल र कर्मचारी कहाँ-कहाँ चुके ? हाम्रो राजनीतिक नेतृत्वलाई नेपाली माटो सुहाउँदो जनमुखी राजनीति गर्न केले कहाँनेर रोकिरहेको छ ? के यही हो त जनताका लागि गरिएको राजनीति ? यस्तो अर्थहीन राजनीति कहिलेसम्म चल्ने हो ?

यी र यस्ता कैयौं प्रश्नको जबाफ हाम्रा राजनीतिक नेतृत्वले जनतालाई दिनैपर्छ । हाम्रा दल र तिनका नेतृत्वकर्तासँग नागरिकको जीवनसँग सम्बन्धित मुद्दा नै भएनन् । जनताको दैनिकीसँग जोडिने जनजीविकाका मुद्दा उठाउन नसक्ने दल र नेतृत्वले कसरी जनताको विश्वास जित्न सक्लान् त ? जनताका लागि राजनीति गर्न छाडेर दलहरूले समाजवाद, साम्यवाद, उदारवादलगायत अनेक वादैवादको भुलभुलैमा जनतालाई भुलाउन थाले भने राजनीति जनताबाट टाढिन्छ । युवालाई देश छोड्नुनपर्ने वातावरण बनाउन पहल गर्छौं भन्ने मन्त्रीहरूले पत्रपत्रिकामा समाचारको 'हेडलाइन मात्र बनाए । तर, देश निर्माणको जनमुखी नीति निर्माण गरी त्यसको कार्यान्वयनमा भने शून्य प्रगति किन ? समस्या कहाँ र किन भयो ? अब जनता जान्न चाहन्छन् । हाम्रो देशका राजनीतिक दलले विभिन्न समय कालमा विभिन्न किसिमका राजनीतिक मुद्दा उठाएर देशलाई राणाशासनबाट राजतन्त्र, राजतन्त्रबाट पञ्चायत व्यवस्था, पञ्चायती व्यवस्थापछि लोकतन्त्र र अहिले लोकतन्त्रबाट संघीय गणतन्त्रात्मक राज्यमा क्रमशः परिणत गराउन सफल भए । यी व्यवस्थालाई संस्थागत गर्न र आमूल परिवर्तन ल्याउन कैयौं नेपाली सपुतले आफ्नो ज्यानको आहुती दिएर वीर सहिद बने ।

तर, देशका कैयौं सपुतले ज्यानको आहुती दिए पनि यो देशको मुहार परिवर्तन हुन सकेन । समाजवादी नेपालको सपना साकार पार्न जनकेन्द्रित नीति र नयाँ नेतृत्वको खाँचो छ भन्ने कुरा यिनै घटनाले पुष्टि गर्छ ।

### जनताका मुद्दाहरूको उपेक्षा

जनताका मुद्दाहरू ती हुन्, जसले उनीहरूको दैनिक जीवनलाई प्रत्यक्ष प्रभाव पार्छ । यी मुद्दाहरू भनेको सम्भव भएमा निःशुल्क, संभव छैन भने सस्तो, सुलभ र गुणस्तरीय शिक्षा, रोजगारीको अवसर, सिँचाइको व्यवस्था, साना उद्योगको प्रवर्द्धन र गरिबी निवारण आदि आदि र यस्तै अरू । तर, नेपालको राजनीतिमा यी मुद्दाहरू प्रायः बेवास्ता गरिन्छ । उदाहरणका लागि, सरकारी स्कुल र अस्पतालको स्तर सुधार्ने कुरा कमै उठ्छ । बरु, महँगा निजी स्कुल र अस्पतालहरूलाई प्रोत्साहन गर्ने नीतिहरू प्राथमिकतामा पर्छन् । खडेरीले प्रभावित क्षेत्रको हेलिकोप्टरबाट निरीक्षण गरिन्छ, दीर्घकालीन सिँचाइ प्रणालीको विकास गर्ने विषयलाई भने ध्यान दिइँदैन उपेक्षा गरिन्छ ।

कृषि क्षेत्रमा, किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । बिचौलियाहरूको कब्जाले ग्रामीण अर्थतन्त्रलाई कमजोर बनाएको छ । हालै तराईमा एक किसान महिलाले सुख्खाले फाटेको खेतमा कोकाकोलाको बोतलबाट पानी हालेको समाचारले सबैलाई झस्कायो । यस्तै, कपिलवस्तुका एक किसानले ट्‌यांकरबाट पानी हालेर धान रोपेको भिडियो सामाजिक सञ्जालमा 'नयाँ प्रविधि' भन्दै साझा गरे । यी घटनाले जनताको मुद्दाप्रति नेतृत्वको उदासीनतालाई उजागर गर्छ । यदि देशभरका खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्था गरियो भने, खडेरीको समस्या समाधान हुन्छ, कृषि उत्पादन बढ्छ, र जिडिपीमा योगदान पुग्छ । रोजगारीको क्षेत्रमा पनि अवस्था निराशाजनक छ । अधिकांश गरिब नेपाली युवाले मानविकी र सामाजिक विज्ञान पढ्न बाध्य छन् । डाक्टर, इन्जिनियर , सिए पढ्ने भन्नेकुरा तिनले सोच्न पनि सक्दैनन् । रोजगार मूलक प्राविधिक शिक्षा जस्तै बिजुलीको वायरिङ, प्लम्बिङ, काठको काम, वेल्डिङ, वा भवन निर्माणजस्ता विषयको समेत पढाइ हुँदैन । आर्थिक रूपले कमजोर विद्यार्थीहरू, जो उच्च शिक्षा लिन सक्दैनन्, तिनीहरू श्रम गर्न खाडी मुलुकमा जान बाध्य छन् । देशमै रोजगारी सिर्जना गर्न प्राविधिक शिक्षालाई प्राथमिकता दिनुपर्छ भनेर सोचेको पाइएन । यस्ता सीप सिकेर नेपालमै बसेर काम गर्ने युवाको सपना देशभक्तिको प्रतीक हो ।

### जनताप्रति जवाफदेहीताको अभाव

नेपालको वर्तमान राजनीतिक नेतृत्वले जनताका मुद्दालाई प्राथमिकता कहिल्यै पनि राखेनन् । केही समयअघि मा.के, एकीकृत समाजवादी र नेकपा सीका नेताहरू जनार्दन, घनश्याम र विप्लवजीहरू एउटा सभामा एकसाथ देखिए । सभागृह खचाखच थियो, तिलको गेडो राख्ने ठाउँ थिएन, खडेरीमा वर्षाको आशा गरे जस्तो । जनताको मुद्दा सम्बोधन गर्ने कस्तो विधि प्रस्ताव गर्लान् वा नयाँ कुरा बताउलान् भनेर सुन्न उपस्थित भएका थिए । तर, उनीहरूका भाषणले जनताको दैनिक जीवनमा परिवर्तन ल्याउने मुद्दालाई सम्बोधन गरिरहेको थिएन । आफ्नो भाषणमार्फत उनीहरूले देश संकटतर्फ उन्मुख भएको चिन्ता त व्यक्त गरे, तर त्यो चिन्तामा जनताका मुद्दाहरू होइनन् कि आफू नेतृत्वमा पुग्नबाट वञ्चित भएको आक्रोश पोखिरहेका सुनिन्थे । के उनीहरूले नेतृत्व नपाएर मात्र देशको अवस्था यस्तो भएको हो, वा संरचनागत समस्याहरूले यो अवस्था निम्त्याएको हो ? स्पष्ट धारणा आएन ।

नेताहरूले देशमा प्रगति भएको दाबी गर्दै सडकको लम्बाइ, सहरका ठुला भवन, र निजी स्कुल-अस्पताल देखाउँछन् । तर, यी संरचनाले जनताको जीवनस्तरमा कति सुधार ल्यायो ? धनीका छोराछोरी उच्चा शिक्षा अध्ययन गर्न अमेरिका, युरोप, अस्ट्रेलिया र जापान जाने, तर सर्वसाधारणका छोराछोरीहरू भने हाइस्कुल सकेर कामको निम्ति खाडी र मलेसिया धाउनुपर्ने अवस्थाको अन्त्य भयो त ? नेताहरूको उपचार खर्च राज्यकोषबाट तिरिन्छ तर गरिब जनताले औषधिका लागि ऋण लिनुपर्ने बाध्यता हट्यो कि उस्तै छ ? यस्तो अवस्था कायमै राखेर समाजवादको जग कसरी निर्माण होला ? यस्तो अवस्थाको अन्त्य नगरी जनताको विश्वास कसरी जित्न सकिएला ? नेताहरूको प्राथमिकता सेयर बजार र बिमा कम्पनीहरूको नाफा-नोक्सानमा केन्द्रित छ, तर किसानको उत्पादनको बजार र मूल्य दुवै बिचौलियाको कब्जामा रहेको विषयप्रति ध्यान पनि छैन र छलफल पनि गर्दैनन् । यो नेतृत्वको जनताप्रतिको उदासीनताको प्रमाण हो ।

### समाजवादी दृष्टिकोण

नेपाललाई तत्काल युरोप, कोरिया वा सिंगापुर बनाउन सकिँदैन, तर जनतालाई सधैं गरिबीको दलदलमा राख्ने छुट पनि नेतृत्वलाई छैन । २०औं वर्ष सत्ताको केन्द्रमा बसेर जाबो तुइन पनि बिस्थापित गर्न नसक्ने यो नेतृत्वले कस्तो समाजवादको जग बनाउला ? नेपाली जनताका अपेक्षाहरू चुच्चे रेल र पानीजहाज चढ्ने जस्ता महत्वाकांक्षी र ठुला छैनन् । उनीहरूको अपेक्षा भनेको सिँचाइको राम्रो प्रबन्ध होस्, समयमा मल उपलब्ध होस्, उत्पादनको उचित मूल्य प्राप्त होस्, कृषि बिमा, एवं सहुलियतपूर्ण ऋण प्राप्त गर्न सकियोस् भन्ने जस्ता आधारभूत आवश्यकताहरू हुन् । यी मुद्दाहरू कुनै एकल किसानको होइन, समग्र किसान समुदायका साझा मुद्दाहरू हुन् । यस्ता मुद्दाहरूको सम्बोधन भएमा, कृषि उत्पादन बढ्छ, अन्न आयातमा हुने खर्च जोगिन्छ, र जनताको हातमा पैसा रहन्छ । तर यस्ता मुद्दाहरू प्राथमिकतामा परेको पाइन्न ।

एउटा देशभित्र २ किसिमका नागरिक उत्पादन गरिरहेको वर्तमान शिक्षा प्रणालीले बाकी पृष्ठ ३ मा

गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाल, डडेल्धुरा

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगूल दैनिक:- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुरा:- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुरा:- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुरा:- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुरा:- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुरा:- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुरा:- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुरा:- ०९६-४१०११२
- भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुरा:- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुरा:- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखा:- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुरा:- ९८४८७२८२६३
- यातायात कार्यालय डडेल्धुरा:- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुरा:- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुरा:- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुरा:- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुरा:- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुरा:- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुरा:- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुरा:- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुरा:- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- ०९६-४२००६३
- बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- ९८५८७५३०५५
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागि:- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पताल:- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुरा:- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- ०९६-४१००१३
- रुडुक डडेल्धुरा:- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुरा:- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुरा:- ०९६-४२०१७९
- हरमस नेपाल:- ०९६-४२०१४७
- नेपाली काङ्ग्रेस डडेल्धुरा:- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुरा:- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- ०९६-४२०७५०
- मिहेन्द्र मा.वि. डडेल्धुरा :- ९८४८७६६०३०

तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल

# समाजवादको जग.............

समाजवादतर्फ जानेबाटोलाई अवरुद्ध पारिरहेको छ, खोइ कुरा बुझ्केको ? त्यसकारण शिक्षाको समाजवादीकरण अपरिहार्य छ । सरकारी स्कुल र अस्पतालको स्तरलाई निजीस्तरको तहमा पुऱ्याउनुपर्छ । युवालाई देशमै रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षालाई प्राथमिकता दिएर लागू गर्न सकिन्छ ।

उदाहरणका लागि जेटी/जेटिए, अनमी, पशु प्राविधिक (भेटेरिनरी), इलेक्ट्रिसियन, फर्निचर, अमिन, भवन निर्माणजस्ता शिक्षामार्फत सीप प्रदान गर्न सकेमा युवाहरूलाई नेपालमै बसेर काम गर्न सक्ने अवस्था बन्न सक्छ । यस्तो शिक्षा प्रणालीले बेरोजगारी घटाउँछ र अर्थतन्त्रलाई बलियो बनाउँछ । साथै, कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता नयाँ प्रविधिलाई शिक्षामा समावेश गरेर युवालाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन सकिन्छ । तर अहं, चर्चा हुँदैन ।

देशमा प्राकृतिकलगायत अन्य स्रोत फालाफाल हुँदाहुँदै पनि राज्यले देशमा रोजगारीको अवस्था सिर्जना गर्न सकिरहेको छैन । योभन्दा ठुलो बिडम्बना के नै हुन सक्छ र ? जुन देशमा प्राकृतिक स्रोतको अपार भण्डार रहे पनि देशको विकास गर्न धौधौको अवस्था छ, त्यहाँ जतिसुकै राम्रो राजनीतिक वाद भए पनि, त्यसको कुनै अर्थ हुँदैन । यो सबै अव्यवस्थाको मूल कारण के हो ? यसको मूल्यांकन हामीले कहिले गर्ने ? हाम्रा नेतृत्वकर्ताका कारण हामी बारम्बार छिमेकीबाट हेपिएका छौँ । हाम्रो देशको भूभाग अतिक्रमण गर्दा पनि हाम्रो नेतृत्वले त्यसको खुलेर विरोध गर्न सक्दैन । योभन्दा लाजमर्दो अवस्था अर्को के नै हुन सक्ला र ?

कृषिको आधुनिकीकरणबिना जनतालाई कृषिमा टिकाइराख्न सम्भव छैन । सिँचाइको व्यवस्था, सहुलियतपूर्ण ऋण, र कृषि क्षेत्रमा रहेको बिचौलियाको कब्जालाई समाप्त गर्ने नीतिहरू लागू गर्नुपर्छ। हाम्रो अहिलेको बहस सर्वसुलभ गुणस्तरीय निःशुल्क शिक्षाको विषयमा केन्द्रित हुनुपर्थ्यो । हाम्रो बहस रोजगारीको विषयमा केन्द्रित हुनुपर्थ्यो । हाम्रो राजनीतिक नेतृत्वले नयाँ-नयाँ उद्योगधन्दा खोलेर रोजगारीसँगै निर्यात व्यापार बढाउनुपर्नेमा विभिन्न कालखण्डमा खुलेका कलकारखाना समेत बन्द गराए ।

स्थानीय संस्कृति र परम्परालाई ग्रहण गर्दै समाजवादी संस्कृतिको विकास गर्नुपर्छ । धार्मिक र सांस्कृतिक विविधतासँग जोडिएका जनताको समर्थन लिन समावेशी नीति बनाउनु जरुरी छ । स्वास्थ्य प्रणालीमा सुधार पनि उत्तिकै महत्वपूर्ण छ। गम्भीर रोगको उपचारमा घरखेत बेच्नुपर्ने अवस्थाको अन्त्य गर्न सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नुपर्छ । पुँजी, उत्पादनका साधन र ज्यालाको सम्बन्धलाई समाजवादी ढंगले पुनर्संरचना गर्नुपर्छ ।

**सारांश**

वर्तमान नेतृत्वसँग जेल बसेको वा आन्दोलनमा हिँडेको अनुभव त छ, तर २१औँ शताब्दीको समाजवाद भनेको के हो वा त्यो कस्तो हुन्छ भन्ने स्पष्ट दृष्टिकोण छैन । २०५१ सालदेखि आजसम्मको सत्ताको चरित्रले यो कुरा पुष्टि गर्छ । बाम-प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरेको र त्यसको निम्ति जेलनेल खाएको प्रति उच्चा सम्मान नै छ। तर नेपाली जनताको भविष्य निर्माण गर्ने जिम्मेवारीबाट अब मुक्त गरिनुपर्छ । उनीहरूले यो गह्रौं जिम्मेवारी बोक्न सक्दैनन्। नयाँ नेतृत्वको निम्ति मार्गप्रशस्त गरिदिन आग्रह गर्नुपर्छ। यदि आवश्यक परे, बलपूर्वक बाटो खुलाउनुपर्छ ।

राजनीतिबाट ससम्मान बिदा लिने कि बंगलादेशजस्तो अवस्था निम्त्याउने ? यो निर्णय उनीहरूको हातमा छ । हामीलाई चाहिएको भ्रष्ट र असफल नेतृत्वबाट मुक्ति हो, गरिबी, भोकमरी, अशिक्षा, र बेरोजगारीबाट मुक्ति हो। समाजवादको आधार खन्न जनकेन्द्रित नीति, शिक्षाको समाजवादीकरण र कृषिको आधुनिकीकरण जरुरी छ। यो काम गर्न नयाँ पुस्ताले नेतृत्व लिनुपर्छ र पुरानो नेतृत्वले बाटो खुला गर्नुपर्छ। यही बाटोले नेपाललाई समृद्ध र समाजवादी भविष्यतर्फ डोऱ्याउन सक्छ।



## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमदत्तपूर डडेल्धुरा


## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र

सामाजिक सेवा एकाई

# गृहमन्त्रीलाई विश्वप्रकाश शर्माको प्रश्न- सहकारी ठगलाई कारबाहीको दायरामा ल्याउन किन ढिलो भइरहेको छ ?

**बिगूल समाचार**
**२२ साउन २०८२**



काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले संसद्प्रति जनताको आस्था र विश्वास बढाउन संसद्का काम कारबाहीलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा बोल्दै महामन्त्री शर्माले संसद्को काम कारबाहीलाई समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याए । उनले संसद् सरकार, कानुन र बजेट बनाउने थलोमात्रै नभएर आफ्नो कार्यशैली र व्यवहारबाट विश्वास सम्प्रेषण गर्ने साझा थलो पनि भएकाले त्यो अभिभारा पूरा गर्ने दायित्व सरकार र प्रतिपक्षी दल सबैको भएको बताए

महामन्त्री शर्माले भने, 'संसद् कत्तिको सफल भइरहेको छ, सरकार कत्तिको प्रभावकारी भएको छ, प्रतिपक्षमा रहेका दलहरु सुझाव र दबाबको भूमिकामा कत्तिको प्रखर र जिम्मेवार बनेका छन् ? नागरिक पङ्क्तिमा रहेको आशा र विश्वासलाई सफलतामा बदल्न कत्तिको सफल भएका छौँ ? ।'

महामन्त्री शर्माले वर्षौंपछि बनेका कतिपय विधेयक संसदमा विचाराधीन रहेको, कानुन निर्माणमा उत्साहवर्द्धक प्रगति हुन नसकेको तथा कतिपय विधेयकमा असमझदारी बढेको र कतिपय दल सदन बहिस्कार गरेर हिँडिरहेको बताए ।

उनले भिजिट भिसा प्रकरणका दोषीलाई कानुनी दायरामा ल्याउन माग गरे । यस विषयमा उच्चस्तरीय छानबिन समिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ ।

कांग्रेस महामन्त्री शर्माले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई संयमता अपनाउन सुझाव दिए । महामन्त्री शर्माले सहकारी पीडितलाई पाँच लाखसम्मको रकम फिर्ता गराउने प्रक्रियामा अविलम्ब गति बढाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

उनले भने, 'अध्यादेश हुँदै संसदबाट यससम्बन्धी मार्ग प्रसस्त पनि भइसकेको छ, किन ढिला भइरहेको छ, म गृहमन्त्रीलाई सभामुखमार्फत प्रश्न गर्दछु सहकारी ठग कोही जेल गए, अझै पनि कैयौँलाई कारबाहीको दायरामा ल्याउन किन ढिलाइ भइरहेको छ ? जिबी राईका दुई पार्टनर जेलमा छन् तर उनलाई नेपाल ल्याउन किन विलम्ब भइरहेको छ ? ।'

उनले विद्यालय शिक्षासम्बन्धी विधेयक चाँडो अगाडि बढाउन, किसानलाई मलखादको व्यवस्था गर्न, स्वास्थ्य सेवा बिमा सहज बनाउन, विपीन जोशीको रिहाइ गर्न तथा भैरहवा र पोखरा विमानस्थल प्रभावकारी सञ्चालन गर्न सरकार समक्ष माग गरे ।

महामन्त्री शर्माले संविधान दिवसलगायत कतिपय अवसरमा कैदमा रहेका नागरिकका चालचलन ठिक रहेको भनेर कतिपय कैदीलाई छुट दिने विषयको गम्भीर समीक्षा गरेर मात्रै कानुन संशोधन गर्न आग्रह गरे । उनले दैलेखमा फेला परेको ग्यासको उत्खननमा सरकारको सफलतालाई बधाई दिँदै ग्याँस उत्खननका लागि प्रक्रिया अगाडि बढाउन सरकारसमक्ष माग गरे ।


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा